कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत.

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः२०८०/०८१
चलानी नः

प्रथम पटक प्रकाशित मितिः २०८०/०८/०५

## सेवा करारमा कर्मचारी लिने सम्बन्धी सूचना

कुश्मा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयमा रिक्त रहेको तपशिल बमोजिमका पदहरुमा करार सेवाको माध्यमबाट मिति २०८१ असार मसान्तसम्मको लागि पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र नगरपालिकाले तोकेको ढाँचामा दरखास्त फाराम भरी यस नगरपालिकाको प्रशासन शाखामा बुझाउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.स | विज्ञापन नं | पद/तह | सेवा/ समूह | माग संख्या | कामकाज गर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | ०१-०८०/८१ | मेडिकल अधिकृत / आठौ तह | स्वास्थ्य /ज.हे.स | १ (एक) | ठूलीपोखरी प्राथमिक स्वास्थ्य केन्द्र कुश्मा न.पा. १२ पर्वत |
| २ | ०२-०८०/८१ | अ.न.मी./सहायक चौथो | स्वास्थ्य / प.हे.न | १ (एक) | आर्थरडाडाखर्क स्वास्थ्य चौकी कुश्मा न.पा १४ पर्वत |
| ३ | ०३-०८०/८१ | अ.न.मी./सहायक चौथो | स्वास्थ्य /प.हे.न. | १ (एक) | शहरी स्वास्थ्य केन्द्र तत्तरकोट, कुश्मा न.पा १ पर्वत |

१ आवश्यक न्यूनतम शैक्षिक योग्यताः

क) मेडिकल अधिकृतको पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस वा सो सरह उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनपर्नेछ ।

ख) अ.न.मी पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी कोर्ष उत्तिर्ण गरि नेपाल नर्सिङ्ग काउन्सीलमा दर्ता भएको हुनुपर्नेछ ।

ग) प्रचलित कानुन अनुसार अयोग्य नभएको हुनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत.

गण्डकी प्रदेश, नेपाल

२ **दरखास्त दस्तुरः**
मेडिकल अधिकृत( आठौं तह) को लागि लागि रु १२००।- (एक हजार दुई सय ) र अ.न.मी सहायक चौथो पदको लागि रु ५००।-(पाँच सय रुपैया )

३ **दरखास्त दिने अन्तिम मितिः** मिति २०८०/८/१९ गते सम्म (यदि आवेदन दिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट समेत दरखास्त फाराम बुझाउन सकिने छ )

४ **परीक्षाको किसिमः** प्रारम्भिक सूचिकरण र अन्तरवार्ता ( कुश्मा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ मा भएको व्यवस्था बमोजिम प्रारम्भिक सुचीकरणमा परेका उम्मेदवारलाई मात्र अन्तरवार्तामा समावेश गराइने छ ।)

५ **उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्ममा मेडिकल अधिकृत आठौं तहको लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र अ.न.मी चौथो तहको लागि १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

६ **तलब स्केलः** वि.न.०१-०८०/८१ मेडिकल अधिकृतको लागि नगर कार्यपालिकाको निर्णय अनुसार रु ९०,०००। र बि .न ०२ -०८०/८१ को पदको लागि नेपाल सरकारको स्वीकृत दरवन्दी अनुसार तोके बमोजिमको तलब स्केल र विज्ञापन नं ०३-०८०/८१ पदको लागि कुश्मा नगरपालिकाको तलब स्केल अनुसार हुनेछ ।

७ **कार्यविवरणः** करार शर्तमा उल्लेख भए बमोजिम हुनेछ ।

८ **अन्तरवार्ता हुने मितिः** प्रारम्भिक सुचीकरणको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ ।

९ **पेश गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी , शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, सम्वन्धित काउन्सीलमा दर्ता/ नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ,कार्य अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपी तथा अन्य कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरि पेश गर्नुपर्ने छ ।

१० अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

११ **दरखास्त फाराम र कार्यविधिः** कार्यालयको website www.kushmamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ साथै थप जानकारीका लागि कार्यालयको फोन नं ०६७-४२०१४१ मा सम्पर्क गर्न सकिनेछ ।

२०८०/८/१

विष्णु प्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत